आज मिति २०८२ साल वैशाख २६ गते शुक्रवारका दिन मण्डनदेउपुर नगरपालिकाका नगरप्रमुख श्री टोक बहादुर तामाङको अध्यक्षतामा मण्डनदेउपुर नगरपालिका, नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १० बमोजिम निम्न पदाधिकारीहरूको उपस्थितिमा नगरकार्यपालिकाको ५६औं बैठक बसी देहायबमोजिम निर्णयहरू गरियो ।

उपस्थिति

| क्र.सं. | पद | कार्यालय | नाम, थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | मण्डनदेउपुर न.पा. | श्री टोकबहादुर तामाङ | | |
| २ | नगर उपप्रमुख | मण्डनदेउपुर न.पा. | श्री विष्णुमणि नेपाल | | |
| ३ | वडा अध्यक्ष | वडा नं. १ | श्री शिवप्रसाद ढकाल | | |
| ४ | वडा अध्यक्ष | वडा नं. २ | श्री राजकुमार मल्ल | | |
| ५ | वडा अध्यक्ष | वडा नं. ३ | श्री पुरूषोत्तम बजगाईं | | |
| ६ | वडा अध्यक्ष | वडा नं. ४ | श्री मैतेसिं तामाङ | | |
| ७ | वडा अध्यक्ष | वडा नं. ५ | श्री हर्कबहादुर लामा | | |
| ८ | वडा अध्यक्ष | वडा नं. ६ | श्री सोमप्रसाद ढकाल | | |
| ९ | वडा अध्यक्ष | वडा नं. ७ | श्री विष्णुप्रसाद पौडेल | | |
| १० | वडा अध्यक्ष | वडा नं. ८ | श्री निरन्जन विष्ट | | |
| ११ | वडा अध्यक्ष | वडा नं. ९ | श्री सिताराम श्रेष्ठ | | |
| १२ | वडा अध्यक्ष | वडा नं. १० | श्री कुमार तामाङ | | |
| १३ | वडा अध्यक्ष | वडा नं. ११ | श्री दिपेन्द्र लामा तामाङ | | |
| १४ | वडा अध्यक्ष | वडा नं. १२ | श्री राजकुमार पराजुली | | |
| १५ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सुनकुमारी तामाङ | | |
| १६ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री रिता रोका | | |
| १७ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री मैयादेवी तिवारी | मैया | |
| १८ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सविना विसुन्खे रम्तेल | | |
| १९ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सावित्री दमाई | | |
| २० | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सूर्यबहादुर राई | | |
| २१ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री विकासकुमार राई | | |
| २२ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री भेषबहादुर वि.क. | | |
| २३ | सदस्य सचिव | प्र. प्र. अ. | श्री सुरज श्रेष्ठ | | |
| आमन्त्रित | | | | | |
| २४ | लेखा अधिकृत | मण्डनदेउपुर न.पा. | श्री पुष्पराज बजगाईं | | |
| | | | | | |

## २०८२/०१/२६ गतेको नगर कार्यपालिकाको ५६[औं] बैठकका एजेन्डाहरू

१. मिति २०८१/१२/०८ गतेको कार्यपालिकाको ५५[औं] बैठकको निर्णय समिक्षा सम्बन्धमा ।

२. उद्योग, व्यवसाय/पसल, सहकारी संघसंस्थाको राजश्व उठाउने सम्वन्धमा ।

३. NEPCA बैठकका लागि प्रतिनिधि छनौट गर्ने सम्बन्धमा ।

४. आ.व. २०८२/०८३ को दहत्तर बहत्तरको ठेक्का तथा निकासी कर सम्वन्धमा ।

५. भूमि तथा वन वातावरण शाखा स्थापना सम्वन्धमा ।

६. २०८२/०८३ को १७[औं] नगर अधिवेशन तयारी सम्वन्धमा ।

७. नगरकोट भ्रमण वर्ष २०८२ सम्बन्धमा ।

८. खस्रे गुरुङगाउँ होमस्टेले तय गरेको अध्ययन अवलोकन भ्रमणका लागि FAO सँग साझेदारी कार्यक्रम सम्वन्धमा ।

९. विविध

### निर्णयहरु

**निर्णय नं.१**

मिति २०८१/१२/०८ गतेको कार्यपालिकाको ५५[औं] बैठकको निर्णय समिक्षा गरियो ।

**निर्णय नं.२**

उद्योग, व्यवसाय/पसल, सहकारी, संघसंस्था र बनको राजस्व संकलन सम्वन्धमा यस नगरपालिकाले वारम्वार कर वुझाउन ताकेता गर्दा समेत अटेर गरेकाले नगरप्रमुखको संयोजकत्वमा गठित नगरपालिका स्तरिय अनुगमन समिति, नगरपालिकाको कर्मचारी र स्थानीय प्रहरीको समेत संलग्नतामा उद्योग, व्यवसाय, सहकारी, संघसंस्थाको अनुगमन गरि राजश्व उठाउने र करको दायराभित्र पर्ने नगरपालिका, प्रदेश र संघ सरकारले तोके वमोजिमको राजश्व नवुझाउने उद्योग, व्यवसाय, सहाकारी, संघसंस्थालाई कानून वमोजिम वन्द गर्ने साथै नगरपालिकाले दिने व्यवसाय सम्बन्धि सेवा सिफारिस स्थगित गर्ने निर्णय गरियो ।

क. नगरकोट क्षेत्रमा काभ्रे, भक्तपुर र काठमाडौं जिल्ला सिमानामा परेका मण्डनदेउपुर नगरपालिका, वनेपा नगरपालिका, चाँगुनारायण नगरपालिका र शंखरापुर नगरपालिकाहरु सिमाङ्कन चारै पालिकाले नापी विभागमा संयुक्त निवेदन गरि सिमाङ्कन समेत सम्पन्न भइ नापी विभागको प्रमुख डिल्ली प्रसाद दाहालको नेतृत्वको टोलीले नगरपालिकाहरुलाई संयुक्त बैठकमा प्रतिवेदन समेत

टीक बहादुर कार्की
नगर प्रमुख

बुझाएको र टोली प्रमुखलाई पालिका प्रमुख र उप-प्रमुखद्वारा प्रसंशापत्र समेतले सम्मान गरि सो जिल्ला सिमाङ्कन सम्पन्न भइसकेको हुँदा, बाँकी भाग आफ्नो पालिकाभित्र पर्ने नेपाल सरकारको सरकारी, पर्ति, ऐलानी, सार्वजनिक गौचरन आदी लगाएतसँग जोडिएका वा व्यक्तिगत पुर्जा भएको जग्गा समेत पर्ने क्षेत्र भएकोले गत वर्षदेखि जिल्ला सिमाङ्कन पछि नगरपालिकाले उल्लेखित नगरकोट क्षेत्रमा नक्सापास र राजश्व संकलनको काम स्थगित गरेकोमा जिल्ला सिमाङ्कन सम्पन्नको आधारलाई मानी सो क्षेत्रको नगरस्तरिय अनुगमन गरि नगरपालिकाको प्राविधिक र नापी प्राविधिकले नाँपजाँच प्रमाणित गरेपछि अनिवार्य रुपमा नक्सापास/नियमित/अभिलेखिकरण गरेपछि मात्र राजश्व संकलन गर्ने निर्णय गरियो ।

ख. उक्त क्षेत्रभित्र माथी उल्लेखित कार्य गर्नको लागि नगरपालिका प्रमुख समक्ष सम्वन्धित जग्गाधनी वा प्रोपाइटरले निवेदन पेश गर्नुपर्नेछ र नगरप्रमुखको आदेश पश्चात प्राविधिक र नापी प्राविधिकको स्थलगत नापजाँच पछि प्रतिवेदनको आधारमा नियमानुसार ठिक भएमा नगरपालिकाले नक्सापासको लागि सिफारिस गर्ने र अन्तिममा नक्सापास गर्नुपर्ने निर्णय गरियो ।आवश्यक परेमा वा कुनै विवाद भएको अवस्थामा जिल्ला नापी कार्यालय वा नापी विभागको समेत जाँच पछि मात्र विवादित क्षेत्रको हकमा नक्सापास गर्न अनुमति दिने निर्णय गरियो ।

ग. सार्वजनिक जग्गा भित्र व्यक्ति वा अन्य प्रयोजनका लागि भोगचलन गरि रहेको सम्बन्धमा नगरपालिकाको नगर सभाले पारित गरे बमोजिमको शुल्क बहाल बिरौटी कर उठाइने र आवश्यक परेमा कार्यपालिकाले कार्यविधि बनाई राजश्व संकलन गर्ने निर्णय गरियो ।

घ. किराना पसल, खुद्रा पसल, स्वास्थ्य मेडिकल, पशु भेटेरिनरी, किटनाशक विउविजन पसल लगाएतका नगरपालिकाभित्र रहेका लघुवित्त, बचत तथा ऋण सहकारी एवम् सामुदायिक वन उपभोक्ता समिति, अन्य विभिन्न संघसंस्थाहरुलाई नगर उप-प्रमुखको संयोजकत्वमा रहेको समितिले नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाको नीतिभित्र रहि राजश्व संकलन गर्ने र नियमानुसार संचालन नभएका उल्लेखित कार्य गर्ने व्यवसाय बन्द गर्नको लागि नगरपालिकाले पटक पटक ताकेता गर्दा पनि नगरपालिकामा सूचिकृत नभएका र राजश्व नबुझाई जबर्जस्ती गरेकालाई बन्द समेत गर्ने निर्णय गरियो ।

**निर्णय नं.३**

Nepal Council of Arbitration ( NEPCA) (नेपाल मध्यस्थता परिषद) ले नगरपालिकाको प्रशासनिक भवन निर्माण गर्ने निर्माण व्यवसायी र नगरपालिका बीचको विवाद सम्बन्धमा प्रतिनिधी/मध्यस्थकर्ता/कानुन व्यवसायी तोकन दिएको सूचना बमोजिम यस नगरपालिकाको जनप्रतिनिधीको तर्फबाट नगर उप-प्रमुख

टोक बहादुर वाईबा
नगर प्रमुख

श्री विष्णुमणि नेपाल र कर्मचारीको तर्फबाट श्री कासीनाथ नेपाल, अधिकृत आठौं र ईन्जिनियर विक्रम थापालाइ नगरपालिकाको प्रतिनिधी तोकी पठाउने । मध्यस्थकर्ता र कानून व्यवसायी छनौट गर्न नगर उप-प्रमुख श्री विष्णुमणि नेपाललाइ अख्तियारी दिने निर्णय गरियो ।

निर्णय नं.४

आ.व. २०८२।०८३ को नदीजन्य पदार्थ (दहत्तर बहत्तर) को ठेक्का तथा निकासी कर सम्बन्धमा मिति २०८१।०२।१० गतेसम्म ठेक्का बन्दोवस्तका लागि ठेक्का सम्बन्धी आवश्यक कागजात तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने । प्रक्रिया पूरा गर्नका लागि समन्वय गर्न श्री विष्णु अधिकारी (अधिकृत सातौं) लाइ जिम्मेवारी दिने निर्णय गरियो।

निर्णय नं.५

यस नगरपालिका अन्तर्गत भूमि वन तथा वातावरण शाखा स्थापना गर्न नगरपालिकाभित्र रहेको सम्बन्धित विषय विज्ञ कर्मचारीको नेतृत्वमा शाखा प्रमुख रहने गरि स्थापना गर्ने निर्णय गरियो। साथै जिल्ला भुमि आयोगका कर्मचारीहरुलाई आवासको लागि कोठा नगरपालिकाले व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं.६

आव २०८२।०८३ को १७औं नगरसभाको तयारीका लागि सवै विषयगत समितिहरुको बैठक बसी आगामी जेष्ठ ११ गतेको कार्यपालिका बैठकमा समितिको निर्णय सहित पेश गर्नुपर्ने निर्णय गरियो ।

निर्णय नं.७

नगरकोट भ्रमण वर्ष २०८२ लाई सफल बनाउन नगरपालिकाको नगरप्रमुखको संयोजकत्वमा ११११ जना सवै जनप्रतिनिधि, उद्योग वाणिज्य संघ, कृषक समुह, सहकारी संघसंस्था सहित नगर स्तरिय समिति गठन गरि तपसिल बमोजिको कार्यक्रम आयोजना गर्ने निर्णय गरियो:

क) राष्ट्रिय धान दिवस (असार १५ गते) का दिन चारै नगरपालिकाहरुको संयुक्त आयोजनामा परम्परागत र आधुनिक दुवै प्रविधिबाट धान रोप्ने कार्यक्रम गरि धान दिवस मनाउने र दिवस मनाउन आवश्यक तयारीका लागि कृषि शाखा प्रमुखलाइ जिम्मेवारी दिने ।

ख) यस नगरपालिकाको वडा नं. १२ को बुद्धधुम्कामा पर्यटन सम्बन्धि कार्यक्रम र मेला आयोजना गर्ने र कार्यक्रमको समय आगामी बैठकमा तोक्ने निर्णय गरियो।

ग) नगरकोट भ्रमण वर्ष २०८२ सफल पार्न यस नगरपालिका भित्र उपयुक्त स्थान छनौट गरी कृषि उपजको मेला आयोजना, व्यापार प्रदर्शनी गर्ने र स्थानीय उत्पादनलाइ प्रोत्साहन गर्ने निर्णय गरियो ।

निर्णय नं.८

FAO सँगको साझेदारीमा खस्रे गुरुङ गाँउ होमस्टे समितिले तय गरेको अध्ययन अवलोकन भ्रमणका लागि नगरपालकाले २५०,०००/- (अक्षरुपी दुई लाख पचास हजार मात्र) अनुदान दिने निर्णय गरियो।

निर्णय नं.९ विविधः

क. २०८२ वैशाख मसान्तभित्र यस मण्डनदेउपुर नगरपालिकालाई सडक बालबालिका मुक्त स्थानीय तह घोषणा गर्ने निर्णय गरियो ।

ख. बागमती प्रदेश सरकारको पूर्वाधार विकास कार्यालयबाट विनियोजित मण्डनदेउपुर नगरपालिका पहुच मार्ग, मण्डनदेउपुर ७ योजनाको कार्यान्वयनका लागि नौबिसे रुक्सेधारा-गेरुवा हुदै मण्डनदेउपुर नगरपालिका कार्यालयसम्म जाने सडकको पिपलबोटदेखी माथीको उकालो खण्डमा ढलान गर्ने गरी यथाशिघ्र सम्झौता गरि काम अघि बढाउन पूर्वाधार विकास कार्यालयलाई सिफारिस गर्ने निर्णय गरियो ।

ग. नेपाल सरकार स्वास्थ्य मन्त्रालयबाट वडा नं. १ स्वास्थ्य चौकी भवन निर्माणको लागि बजेट प्राप्त भएको र सेवाग्राहीको चाप बढि भएकोले हालको स्वास्थ्य चौकी भवनबाट सेवा प्रदान गर्न सहज वा पर्याप्त नभएको हुँदा सोही भवनलाई स्तरोन्नती गर्ने निर्णय गरियो।

दोक बहादुर वाईबा
नगर प्रमुख